**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः १४ अप्रेल २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- राष्ट्रले आज भारतीय संविधानका मुख्य शिल्पकार बाबा साहेब डा. भीम राव आंबेडकरको जयंतीमा उहाँलाई श्रद्धांजलि अर्पित गरिरहेको छ।

- पश्चिम बंगालमा निर्वाचन अधिकारीहरुले मतदान प्रक्रिया प्रभावित गर्ने कुनै पनि गतिविधि प्रति शून्य सहनशीलता नीति अपनाईने बताएका छन्।

- पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणका लागि प्रचार चरममा। विभिन्न राजनीतिक दलका शीर्ष नेताहरुले रैली र रोड शो गरिरहेका छन।

- बंगला नववर्षको अवसरमा पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जीले भोली सिलगडीमा (रोड शो) गर्नुहुनेछ भने गृह मन्त्री अमित शाहले लेबोंग स्थित गोर्खा स्टेडियममा भाजपा समर्थकहरुलाई सम्बोधन गर्नुहुनेछ |

- नेपाली नव वर्ष दार्जीलिंग पहाडका बिभिन्न स्थानहरुमा उत्साहपूर्वक मनाईइन्दै छ ।

**आंबेडकर जयंती**

भारतीय संविधानका मुख्य शिल्पकार बाबा साहेब डाक्टर भीम राव आंबेडकरको 136औं जयंतीमा राष्ट्रले आज उहाँलाई श्रद्धांजलि अर्पित गरिरहेको छ। यस अवसरमा देशभरि कैयन कार्यक्रमहरुको आयोजन गरिएको छ।
एक रिपोर्ट...

**बाईट**

म यस्तो धर्ममा विश्वास गर्छु जसले स्वतन्त्रता, समानता र भाईचारा सिकाउँछ। भारतरत्न डा. आम्बेडकरका यी विचारहरुले आज पनि सामाजिक न्याय र समानताका लागि मानव समाजलाई मार्गदर्शन गर्दछ।डा.आंबेडकर जातिवाद र छुवाछुतका कट्टर विरोधी हुनुहुन्थ्यो। उहाँको विश्वास थियो कि समाजमा वास्तविक समानता त्यसबेला सम्भव हुन्छ जब प्रत्येक व्यक्तिले समान अवसर पाउँछन्।उहाँ भन्नुहुन्थ्यो कि मनुष्य नश्वर छ, तर विचार अमर छन्। संघर्ष, त्याग र ज्ञानका उदाहरण डा. अम्बेडकरको कारणले गर्दा आज समाजका सबैले, हरेक अवसरहरूमा पहुँच पाएका छन्।शिक्षा बारे डा. अम्बेडकरले भन्नु भएको थियो, "शिक्षा सिंहनीको दूध जस्तै हो; यसलाई पिउनेहरूले मात्र गर्जनेछन्।" डा. आम्बेडकर 64 विषयमा निपुण हुनुहुन्थ्यो। उहाँलाई धेरै भाषाहरूको ज्ञान थियो र कुल 32 डिग्री हासिल गर्नुभएको थियो।उहाँले लन्डन स्कूल अफ इकोनोमिक्समा आठ वर्षको अध्ययन दुई वर्ष तीन महिनामा पूरा गर्नुभएको थियो। यही सुदृढ़ शैक्षणिक पृष्ठभूमिले उहाँलाई संविधान सभाको प्रारूप समितिको अध्यक्ष बनाएको थियो।महिला सशक्तिकरणमा डा. अम्बेडकरको योगदान उल्लेखनीय छ। उहाँले भन्नुभएको थियो, "म कुनै समुदायको प्रगतिलाई महिलाहरूले हासिल गरेको प्रगतिको डिग्रीबाट मात्र मापन गर्छु।"वर्तमानमा पनि, केन्द्र सरकारको महिला नेतृत्वको विकासमा जोड र नारी शक्ति वन्दन अधिनियम, यी विचारहरूको पराकाष्ठा हो। नमन छ भारत माताको यस्तो सपूतलाई सलाम।राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमंत्री नरेन्द्र मोदी र गृहमंत्री अमित शाहले बाबा साहेब डॉ. भीमराव आंबेडकरको जयंतीमा उहाँलाई श्रद्धांजलि अर्पित गर्नुभयो।मुख्यमन्त्री ममता बनर्जीले सोशल मार्फत डा. भीमराव अंबेडकरलाई श्रद्धांजलि अर्पित गर्दै लोकतांत्रिक मूल्यहरु प्रति आफ्नो प्रतिबद्धता दोहराउनुभयो।उहाँले भन्नु भयो यो गर्वको कुरा हो कि बंगाल

विधानमंडलले संविधान सभामा बाबासाहेबको प्रवेशको लागि मार्ग प्रशस्त गरेको थियो, जहाँ उहाँको दूरदर्शी नेतृत्वले देशको भविष्यलाई आकार दियो।

**अम्बेडकर जयन्ती भानु भवन**

अखिल भारतीय नेपाली अनुसूचित जातीय संघले आज डा. भीमराव अम्बेडकरको 136 औँ जयन्ती भानु भवन परिसर स्थित अम्बेडकरको सालिक अगाडि विशेष कार्यक्रम आयोजना गरी मनाएको छ।कार्यक्रममा संघका सदस्यहरूले अम्बेडकर प्रति श्रद्धाञ्जली अर्पण गरे। संघका पदाधिकारीहरूले दार्जिलिङ पहाड क्षेत्रमा अम्बेडकर जयन्ती मनाउने एकमात्र संस्था आफ्नै भएको दाबी गर्दै अन्य संघ–संस्थाहरूले यस दिवसलाई बेवास्ता गरेको बताएका छन्।संघका महासचिव रिमेश मोथेले अम्बेडकरले देखाएको समानता र अधिकारको बाटो आज पनि समाजका लागि मार्गदर्शक रहेको भन्नुभएको छ।

**पश्चिम बंगाल विधानसभा चुनाउ- कड़ा नीति**

पश्चिम बंगाल विधानसभा चुनाउलाई ध्यानमा राख्दै निर्वाचन अधिकारीहरूले राज्यमा स्वतन्त्र तथा निष्पक्ष मतदान सुनिश्चित गर्नको लागि कड़ा नीति अप्नाएका छन्। मतदान प्रक्रियालाई प्रभावित पार्ने कुनै पनि गतिविधिप्रति शून्य सहनशीलता नीति अप्नाइने अधिकारीहरूले स्पष्ट पारेका छन् ।

**बाईट**

**मोदी - पश्चिम बंगाल कार्यकर्ता**

भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज नमो ऐपको माध्यमले 'मेरा बुथ सबसे मजबूत संवाद' अन्तर्गत पश्चिम बंगालका पार्टी कार्यकर्ताहरूसित संवाद गर्नुभयो।श्री मोदीले भन्नुभयो भाजपाको घोषणापत्रलाई राज्यका जनताले व्यापक प्रशंसा गरिरहेका छन्। उहाँले राज्यमा तृणमूल कांग्रेसको शासनको कथित कुप्रबंधनलाई प्रभावकारी रूपमा उजागर गरेकोमा पार्टी कार्यकर्ताहरूको प्रशंसा गर्नुभयो।

**बाईट**

**पश्चिम बंगाल - उम्मीदवार**

पश्चिम बंगाल विधानसभा चुनावमा दुई हजार नौ सय छब्बीस उम्मेदवारहरू मैदानमा छन्। पश्चिम बंगालमा चुनाव दुई चरणमा चुनाव हुनेछ। पहिलो चरणमा 23 अप्रैल र दोस्रो चरणमा 29 अप्रैलमा मतदान हुनेछ।पहिलो चरणमा नाम फिर्ता लिएपछि कुल उम्मेदवारहरुको संख्या एक हजार चार सय 78 रहेका छन भने दोस्रो चरणको लागि एक हजार चार सय 48 उम्मीदवार चुनावी मैदानमा छन्।

**पश्चिम बंगाल - चुनावी रैली**

केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका नेता अमित शाहले भन्नुभएको छ भाजपाले पश्चिम बंगाललाई विभाजन नगरी दार्जिलिङ पहाडमा गोर्खाहरुको मुद्दा समाधान गर्नेछ।दक्षिण दिनाजपुर जिल्लाको गंगारामपुरमा एक चुनावी रैलीलाई सम्बोधन गर्दै, श्री शाहले पश्चिम बंगालमा सरकार बनाएपछि भाजपाले राजनीतिक हिंसा, सिन्डिकेट राज र घुसपैठको समस्या समाप्त गर्ने वचन दिनु भयो।रायगंज र मालदामा चुनावी रैलीलाई सम्बोधन गर्दै, कांग्रेसका वरिष्ठ नेता राहुल गान्धीले राज्यका युवाहरूलाई रोजगार प्रदान गर्ने आफ्नो वाचा पूरा नगरेकोमा तृणमूल कांग्रेस सरकारले आलोचना गर्नुभयो।उहाँले भन्नुभयो मुख्यमन्त्री ममता बनर्जीले पाँच लाख युवाहरूलाई रोजगार दिने वाचा गर्नुभएको थियो थिइन्, तर 84 लाख युवाहरूले बेरोजगारी भत्ताको लागि आवेदन दिएका छन्।श्री गान्धीले मतदाता सूचीको विशेष गहन पुनरीक्षणलाई असंवैधानिक भन्दै आरोप लगाउनु भयो कि भाजपाले जहाँ मौका पाउँछ त्यहाँ संविधान विरुद्ध काम गर्छ।

**अमित शाह - जनसभा**

पश्चिम बंगालमा चुनावी पारा निक्कै तात्तीएको छ | यसै बीच भोली भारतीय जनता पार्टीका नेता तथा गृह मन्त्री अमित शाह भोली दार्जिलिंग आउनुहुनेछ |उहाँ बागडोगरा हवाई अड्डाबाट हेलिकप्टरमा बिहान 10 बजे लेबोंग पुग्नुहुनेछ | उहाले लेबोंग स्थित गोर्खा स्टेडियममा भाजपा समर्थकहरुलाई सम्बोधन गर्नुहुनेछ | भोलीनै 15 अप्रैल अर्थात् पॉयला बैसाखको दिन गृह मंत्री अमित शाहले राजगंज विधानसभा क्षेत्रमा एक चुनावी जनसभालाई संबोधित गर्नुहुनेछ । यो सभा भाजपा उम्मीदवार दिनेश सरकारको समर्थनमा आयोजित गरिँदैछ । जनसभा राजगंजको फाटापुकुर

नजिक बुरीमोड़ इलाकाको मैदानमा हुनेछ । कार्यक्रमलाई लिएर तैयारीहरु चरममा छ । मंच निर्माण, मैदानको सजावट साथै सुरक्षाको कडा व्यवस्था गरिएको छ । सभास्थल अनि छेउ-छाउको इलाकाहरुमा विशेष रूपले प्रशिक्षित डॉग स्क्वॉड तैनात गरिएको छ ताकि कुनै प्रकारको अप्रिय घटना हुन नसकोस् । भाजपा नेतृत्व का दावा है कि सभामा धेरै संख्यामा मानिसहरु भेला हुने अनि मैदान खचाखच भरिने भाजपा नेतृत्वले दावी गरेको छ ।

**मममता ब्यानर्जी- रोड शो**

बंगला नववर्षको अवसरमा पश्चिम बंगालका मुख्यमन्त्री ममता ब्यानर्जी सिलगडी आउनुहुनेछ । पार्टी सूत्रानुसार भोली 15 अप्रेलको दिन मुख्यमन्त्रीले सिलगडीमा पदयात्रा (रोड शो) गर्नुहुनेछ । यस कार्यक्रमको माध्यमबाट उहाले सिलगढ़ी विधानसभा सीटबाट तृणमूल कंग्रेस उम्मेद्वार गौतम देवको समर्थनमा जनसम्पर्क गर्नुहुनेछ । प्राप्त जानकारी अनुसार यो पदयात्रा सिलगढ़ी जंक्शन क्षेत्रबाट शुरू भएर हाशमी चौकसम्म पुग्नेछ। नववर्षको दिन यस कार्यक्रममा व्यापक भीड़ जुट्ने सम्भावनालाई ध्यानमा राख्दै प्रशासन तथा पार्टीले अघिबाटै तयारी शुरू गरेको छ। सिलगढ़ी पुलिस कमिश्नर सैयद वकार रजाले क्षेत्रको निरीक्षण गरिसकेका छन्। उहाको साथमा डीसीपी (इस्ट) राणा मुखर्जी, ट्राफिक डीसीपी काजी शमसुद्दीन अनि डीसीपी मुख्यालय तन्मय सरकार सहित केही पुलिस अधिकारीहरू उपस्थित थिए। मुख्यमन्त्रीको हेलिकप्टर सिलगढ़ी हिन्दी हाई स्कूल मैदानमा उत्रिने सम्भावना छ जसको पनि निरीक्षण गरिसकिएको छ। सिलगढ़ी नगरनिगमका डिप्टी मेयर रञ्जन सरकारले सर्वसाधारण मानिसहरूलाई समस्या नहोस् तथा उनीहरूले सहजै आफ्नो नेतालाई भेट गर्न सकुन् भनेर सबै आवश्यक व्यवस्था गरिँदैछ भनि बताउनुभएको छ ।

**तृणमूल कांग्रेस- चुनावी पोस्टर**

तृणमूल कांग्रेसको चुनावी पोस्टर च्यातेको घटना अघि आए पछि इलाकामा तनाव फैलिएको छ । अन्य पार्टिहरुको पोस्टर सुरक्षित रहेको तर उनीहरुका उम्मीदवारको पोस्टरलाई मात्र निशाना बनाईएको तृणमूल कांग्रेसको आरोप छ । यसैले इलाकामा राजनीतिक वातावरण तात्तिएको छ । प्राप्त जानकारी अनुसार जलपाईगडी विधानसभा सीटबाट तृणमूल उम्मीदवार कृष्ण दासको समर्थनमा गत सोमवार सिपाईपाड़ा बाजारदेखि बोधनिमोड़सम्म लगभग पांच किलोमीटर इलाकामा पोस्टर लगाईएको थियो तर मंगलवार बिहान सबै पोस्टर च्यातिएको थियो । यस घटनाको विरोधमा आज तृणमूल कार्यकर्ताहरु अनि समर्थकहरुले जलपाईगडी -हल्दीबाड़ी राज्य सड़क जाम गरेर प्रदर्शन गरे |

**पहिलो वैशाख**

गोर्खा नव वर्ष जातीय उत्सव आयोजना समितिका सदस्यहरूले आज नेपाली नयाँ वर्ष उत्साहपूर्वक मनाईरहेका छन्। यस अवसरमा आज दर्जीलिंग्को मोटर स्ट्यान्ड देखि चौकबजार हुँदै चौरास्तासम्म भव्य ऱ्याली निकालिएको थियो।कार्यक्रममा विभिन्न समुदायहरूको समृद्ध संस्कृति र परम्परालाई आकर्षक रूपमा प्रदर्शन गरिएको थियो।आयोजकहरूले यस उत्सवको मुख्य उद्देश्य वर्तमान समयमा गोर्खा समुदायको मौलिक संस्कृति संरक्षण र संवर्धन गर्नु हो भनि बताएका छन्।

गोर्खा गौरव संस्थानले कालेबुङमा पहिलो वैशाख सांस्कृतिक शोभा यात्रा सम्पन्न गरेको छ। शोभा यात्रामा विभिन्न राजनैतिक दल, सांस्कृतिक व्यक्तित्व विशेष लगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।शोभा यात्रा मेला ग्राउन्डबाट आरम्भ भएर डम्बर चोक, 10 माइल हुँदै पुन: मेला ग्राउन्डमा आएर समापन गरियो।

**शुभकामना सन्देश**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी. पी. राधाकृष्णन, प्रधानमंत्री नरेन्द्र मोदी , लोकसभा अध्यक्ष ओम बिरलाले देशवासीहरुलाई वैसाखी, विशु, विशुव, बोहाग बिहू, पोइला बोइशाख, मेषादी, वैशाखादी र पुतांडुको अवसरमा शुभकामना दिनु भएको छ।

**मिरिक- सम्मान लोकार्पण कार्यक्रम**

मिरिक क्षेत्र अवकाशप्राप्त प्राथमिक शिक्षक कल्याण संगठन मिरिक महकुमा समितिले आज सम्मान अनि स्मारिका लोकार्पण कार्यक्रमको आयोजना गर्यो । संगठनका अध्यक्ष बीएम सुब्बाको अध्यक्षता अनि केसाङ लामा अनि मीकुमार योन्जनद्वारा संचालित कार्यक्रममा संगठनका दिवाङ्गत शिक्षक शिक्षिकाहरूको चीर शान्तिको कामना गर्दै दुई मिनट मौन धारण गरियो । कार्यक्रममा अस्सी बर्ष माथि पुगेका अवकाशप्राप्त शिक्षक शिक्षिकाहरू अनि पच्यात्तर

बर्ष माथि पुगेका अवकाशप्राप्त शिक्षक शिक्षिकाहरूलाई स्मृति चिन्ह प्रदान गरेर सम्मानित गरियो। कार्यक्रममा अमर दुङमालीको सम्पादनमा प्रकाशित भएको संगठनको स्मारिका हाम्रा पाइलाहरूको लाोकार्पण पनि गरियो।

**बन्दना राईमाथि हमला**

इन्डियन गोर्खा जनशक्ति फ्रन्टका खरसाङ विधान सभा क्षेत्रका उम्मेद्वार बन्दना राईमाथि हमला भएको जानकारी प्रकाशमा आएको छ। बालासन क्षेत्रमा चुनावी प्रचारको क्रममा हमला भएको उम्मेदवार स्वयंले एक भिडियोमार्फत जानकारी गराएका छन्। उहाले भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका कार्यकर्ताहरुले उहाँमाथि हमला गरेको आरोप लगाएउनु भएको छ भने घटनामाथि जी टी ए - का प्रमुख कार्यपाल अनित थापाले प्रतिक्रिया दिनुभएको छ। पुलिस प्रशासनको कार्य एकदमै ढिलो भइरहेको र दोषीहरु पक्रा नपरेको कारण बदमास गर्नेहरूको मनोबल बढेर गइरहेको बताउदै उहाले चिन्ता व्यक्त गर्नुभएको छ। जुनै पनि पार्टीको होस् पुलिसले दोषीलाई पक्रेको हुनुपर्छ भनी उहाले अझ बताउनुभएको छ।

**पश्चिम बंगाल – ममता**

तृणमूल कांग्रेसकी अध्यक्ष तथा पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले आज राज्यमा विशेष गहन पुनरिक्षण अन्तर्गत मतदाताहरूको नाम हटाएको आरोपमा निर्वाचन आयोगको कडा आलोचना गर्नुभयो। हावडा जिल्लाको जगतबल्लभपुरमा एक चुनावी सभालाई सम्बोधन गर्दै उहाँले भाजपाले पश्चिम बंगालका वैध मतदाताहरूको नाम हटाउन निर्वाचन आयोगको प्रयोग गरेको आरोप लगाउनु भयो। बनर्जीले पश्चिम मेदिनीपुर र पूर्वी मेदिनीपुर जिल्लाहरूमा चुनावी सभाहरूलाई पनि सम्बोधन गर्नु भयो।